नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
Financial Comptroller General Office

# प्रेस विज्ञप्ति

महालेखा नियन्त्रक कार्यालयले मिति २०७७।१०।०७ देखि नयाँ वेभसाइट (Website) तयार गरी नयाँ स्वरुपमा सञ्चालनमा ल्याएको छ । नयाँ Website मा देहायका विशेषताहरु रहेका छन् :

१. विभिन्न सरोकारवाला निकाय तथा संस्थाहरुलाई आवश्यक पर्ने नेपाल सरकारको प्राप्ति र बजेट खर्चको तुलनात्मक विवरणहरु Pie Chart को माध्यमबाट र Website को शिर्षकमा रहेको दैनिक बजेटरी तुलनात्मक विश्लेषणमा गई तत्काल हेर्न सकिने व्यवस्था रहेको साथै विभिन्न आर्थिक वर्षको आधारमा राजश्व र बजेट खर्चको तुलनात्मक विवरण बजेट विश्लेषण Icon मा गई स्तम्भ चार्टको माध्यमबाट हेर्न सकिने ।

२. महालेखा नियन्त्रक कार्यालय अन्तर्गत रहेका लेखा समूहका कर्मचारीहरुको सरुवाको लागि सरुवा हुन चाहने कर्मचारीहरुले Website को सरुवा आवेदन Icon मा Click गरी सरुवा निवेदन पेश गर्न सकिने र उक्त निवेदन कर्मचारी प्रशासन अन्तर्गत रहेको PIS System सँग प्रत्यक्ष Link रहने हुँदा सरुवाको लागि निवेदन बोकेर यस कार्यालयमा आइरहनु नपर्ने व्यवस्था भएको ।

३. महालेखा नियन्त्रक कार्यालयको सबै प्रणालीहरुमा सहज पहुँच र सेवाग्राहीलाई सहायताका लागि अध्यावधिक विवरणहरु, स्रोत सामग्री, नयाँ प्रणालीहरुको Tutorial सामग्री लगायतका प्रणालीहरुको व्यवस्था भएको ।

४. वेभसाइट पहिले भन्दा सरल, सादा र प्रयोगकर्तामैत्री बनाइएको ।

५. प्रणालीहरुको व्यावसायिक पक्ष र प्रकृयाको प्राविधिक पक्षमा आवश्यक सहयोग, परामर्श र समस्या समाधानको लागि सम्बन्धित System हरु सञ्चालनका लागि तोकिएका व्यवसायिक र प्राविधिक कर्मचारीहरुको नम्बरमा सम्पर्क गरी समस्या समाधान गर्न सकिने व्यवस्था गरिएको ।

यस website सञ्चालन भए पश्चात देखिएका कमी कमजोरी तथा केही सुधारहरु गर्नुपर्ने भएमा रचनात्मक राय सुझाव र प्रतिक्रियाको अपेक्षा गरिएको छ ।

सुझावहरु: it.support@fcgo.gov.np ठेगानामा उपलब्ध गराईदिनुहोला ।

२०७७।१०।७

ज्ञानेन्द्र पौडेल
प्रवक्ता / सह-महालेखा नियन्त्रक



अनामनगर, काठमाण्डौ, फोन: ०१-४४३८५४५, ४४३८५४५, फ्याक्स: ०१-४४१४६५१
Email: info@fcgo.gov.np, Website: www.fcgo.gov.np